नेपाली | Nepali

# आप्रवासीहरू

## का लागि उपभोक्ता संरक्षणका सुझावहरू

*आप्रवासीहरूले कार्यस्थल र बजारमा विशिष्ट चुनौतीहरूको सामना गर्छन्। उपभोक्ता र श्रमिक संरक्षण विभाग (Department of Consumer and Worker Protection) ले आप्रवासीहरूलाई उनीहरूको अधिकार र सहयोगका लागि कहाँ जाने भन्ने बारेमा शिक्षित गर्न यी सुझावहरू तयार गरेको हो।*

### भित्र:


अध्यागमन सहायता सेवाहरू पृष्ठ 3
रोजगार एजेन्सीहरू पृष्ठ 5
आर्थिक व्यवस्थापन पृष्ठ 8
कर तयारी पृष्ठ 11



NYC Consumer and Worker Protection | Mayor's Office of Immigrant Affairs | Small Business Services

# आप्रवासीहरूको लागि उपलब्ध उपभोक्ता संरक्षणसम्बन्धी सुझावहरू:

# अध्यागमन सहायता सेवाहरू

## थप पढ्नु अघि...

**नि:शुल्क मद्दत प्राप्त गर्नुहोस्।**

शहरले सुरक्षित, नि: शुल्क आप्रवासन कानूनी जाँच सेवा उपलब्ध गराउँछ। nyc.gov/immigrants मा जानुहोस् वा 1-800-354-0365 मा फोन गर्नुहोस्। नि: शुल्क मद्दत र अन्य स्रोतहरू हेर्नुहोस्।

**तपाईं कुनै अध्यागमन सहायता सेवा प्रदायकसँग काम गर्दै हुनुहुन्छ भने तपाईंलाई मद्दत पुग्ने केही सुझावहरू यहाँ दिएका छन्।**

अध्यागमन सहायता सेवा प्रदायकहरू भन्नाले त्यस्ता व्यक्ति वा व्यवसायहरूलाई बुझिन्छ, जसले अध्यागमनसँग सम्बन्धित कुनै पनि सेवा उपलब्ध गराए बापत शुल्क लिने गर्दछन्। उनीहरू वकिल होइनन्। उनीहरुसँग अध्यागमनसम्बन्धी सल्लाह दिने सरकारको कुनै अनुमति छैन।

यी सेवा प्रदायकहरूले निम्न कामहरू मात्र गर्न पाउँछन्:

- कागजातहरू अनुवाद गर्न र प्रमाणित गर्न।
- तपाईँलाई कागजातहरू (जस्तै जन्म दर्ता वा शैक्षिक प्रमाणपत्रहरू) संकलन गर्न मद्दत गर्न।
- आवेदन फारामहरू टाइप गरिदिन (तर प्रश्नहरूको जवाफ कसरी दिने भन्ने बारे सल्लाह दिन भने पाउँदैनन् )।
- फोटो खिच्ने वा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउन।
- तपाईं अंग्रेजी भाषा वा नागरिक शास्त्र परीक्षणको तयारीमा मद्दत गर्न।

यी सेवा प्रदायकहरूले निम्न कामहरू गर्न पाउँदैनन्:

- तपाईंले कुन अध्यागमन फारामहरू बुझाउनुपर्छ भनेर छनोट गरिदिन।
- बुझाउनुपर्ने कागजातहरूको बारेमा कानूनी सल्लाह दिन।
- तपाईंका अध्यागमनका विकल्पहरूको बारेमा व्याख्या गरिदिन।
- अमेरिकी नागरिकता तथा अध्यागमन सेवा (U.S. Citizenship and Immigration Services, USCIS) सँग तपाईंको मुद्दाको बारेमा छलफल गर्न।

## सुझावहरू

- कुनै पनि सेवा प्रदायककहाँ जानुअघि आफूले कुन-कुन आवेदन फारामहरू भर्नुपर्ने हो, त्यसबारे पहिल्यै जानकारी राख्नुहोस्।
- निश्चित कार्यालय वा ठेगाना भएका सेवा प्रदायककहाँ मात्र जानुहोस्। फोन वा इमेलबाट मात्र सम्पर्क हुने व्यक्ति वा संस्थाको सेवा कहिल्यै नलिनुहोस्।
- अध्यागमन अधिकारीहरूसँग विशेष पहुँच वा प्रभाव छ भनेर दाबी गर्ने कुनै पनि सेवा प्रदायकलाई विश्वास नगर्नुहोस्।
- सेवा दिनुअघि सेवा प्रदायकले तपाईंसँग लिखित सम्झौता गर्नुपर्छ। हस्ताक्षर गर्नुअघि सम्झौता राम्रोसँग पढ्नुहोस्। आफ्नो अभिलेखका लागि एक प्रति आफूसँग राख्नुहोस्।
- आफ्नो सक्कल कागजातहरू (जस्तै विवाह दर्ताको सक्कल) कसैलाई नबुझाउनुहोस्। यसको सट्टामा प्रतिलिपिहरू मात्र दिनुहोस्।
- लिखित रसिद लिनुहोस्। रसिदमा सेवा प्रदायकको नाम र ठेगाना प्रस्ट लेखिएको छ भन्ने कुरा पक्का गर्नुहोस्।
- कुनै पनि खाली वा अपूर्ण फारामहरूमा हस्ताक्षर नगर्नुहोस्। सेवा प्रदायकले तपाईंका लागि तयार पारिदिएको प्रत्येक फाराममा उनीहरूलाई पनि हस्ताक्षर गर्न लगाउनुहोस्।
- सेवा प्रदायकहरूले तपाईंको सुरक्षाका लागि जमानत (बन्ड) कायम राख्नुपर्छ। बन्ड कम्पनी वा बैंकको नाम र सम्पर्क जानकारी लेखेर सुरक्षित राख्नुहोस्। यदि तपाइलाइ हानी वा क्षति भयो भने, सेवा प्रदायक वा त्यसको बन्ड कम्पनीबाट क्षतिपूर्ति रकम असुल गर्न अदालत जान सक्नुहुन्छ।
- उपभोक्ता तथा श्रमिक कामदार संरक्षण विभाग (Department of Consumer and Worker Protection, DCWP) मा nyc.gov/dcwp मार्फत अनलाइन उजुरी दिनुहोस् वा आफ्नै भाषामा उजुरी दर्ता गर्न 311 मा सम्पर्क गर्नुहोस्। उजुरी गर्नका लागि तपाईंले आफ्नो नाम वा आप्रवासन स्थिति दिनु आवश्यक छैन। ध्यान दिनुहोस्: तपाईं DCWP ले तपाईंलाई सम्पर्क गरोस् भन्ने चाहनुहुन्छ भने, तपाईंले आफ्नो नाम र ठेगाना दिनुपर्छ।
- अधिवक्ताको विरुद्ध उजुरी दर्ता गर्नका लागि 311 मा फोन गर्नुहोस् वा nycourts.gov मा गई “अधिवक्ता अनुशासन/गुनासो समिति” खोज्नुहोस्।

# होसयिार रहनुहोस्...

न्यूयोर्क राज्यमा, एक नोटरी पब्लिक (notary public) वा नोटरियो पुब्लिको (notario público), वकील होइनन्। नोटरी पब्लिकले कानूनी सल्लाह दिन सक्दैन, कानूनी कागजातहरूको मस्यौदा तयार पार्न वा कागजातहरूका कानूनी वैधता जाँच गर्न पाउँदैनन्।

सरकारी फारामहरू कहिल्यै पनि खाली अवस्थामा पैसा तिरेर नकिन्नुहोस्। यस्ता फारामहरू USCIS को वेबसाइट uscis.gov मा निःशुल्क उपलब्ध छन्। सेवा प्रदायकहरूले तपाईंलाई निःशुल्क फाराम दिनैपर्छ भन्ने बाध्यता भने हुँदैन।

## नि:शुल्क सहायता

- NYC ले तपाईंको समुदायमै, तपाईंको आफ्नै भाषामा, सुरक्षित र निःशुल्क आप्रवासन कानूनी जाँच सेवा उपलब्ध गराउँछ। nyc.gov/immigrants मा जानुहोस् वा 1-800-354-0365 मा फोन गर्नुहोस्।

**महत्वपूर्ण**

- कुनै सुविधा वा सेवाको योग्यता निर्धारण गर्न आवश्यक नभएसम्म सहरका निकायहरूले आप्रवासन अवस्थाबारे सोध्न पाउँदैनन्।
- सिधै सामाजिक सेवा दिने सहरका सरकारी निकायहरूले तपाईंको मातृभाषामा व्याख्या र अनुवाद सेवा उपलब्ध गराउनुपर्छ।

- नि:शुल्क अध्यागमन सल्लाह वा सहयोगको लागि न्यूयोर्क राज्य अध्यागमन हटलाइन (New York State Immigration Hotline) को 1-800-566-7636 वा 1-212-419-3737 मा फोन गर्नुहोस्।

## अन्य स्रोतहरू

- आप्रवासीहरूका लागि उपलब्ध अन्य उपभोक्ता संरक्षणसम्बन्धी सुझावहरू पढ्नुहोस्:
  - रोजगार एजेन्सीहरू
  - आर्थिक व्यवस्थापन
  - कर तयारी
- अध्यागमन सहायता सेवा सम्झौताको नमुना सहित थप जानकारीको लागि nyc.gov/dcwp मा जानुहोस्।
- मेयरको आप्रवासी मामिलाको कार्यालय (Mayor's Office of Immigrant Affairs, MOIA): आप्रवासीहरूका लागि कानूनी तथा सहर सेवासम्बन्धी जानकारीका लागि nyc.gov/immigrants मा जानुहोस्।
- अमेरिकी नागरिकता तथा अध्यागमन सेवा (USCIS): uscis.gov मा जानुहोस् वा USCIS फारामहरूका लागि 1-800-870-3676 मा फोन गर्नुहोस्।
- न्यूयोर्क महान्यायाधिवक्ताको कार्यालय: ag.ny.gov मा जानुहोस् र थप जानकारी र स्रोतहरूको लागि "अध्यागमनसम्बन्धी ठगी" खोज्नुहोस्।
- संघीय व्यापार आयोग (Federal Trade Commission, FTC): ftc.gov मा जानुहोस् र थप जानकारी र स्रोतहरूको लागि "अध्यागमनसम्बन्धी घोटाला" खोज्नुहोस्। पढ्नुहोस्:
  - आप्रवासीहरूविरुद्ध हुने ठगीहरू
  - ठगी चिन्ने, जोगिने र उजुरी गर्ने तरिका: नयाँ शरणार्थी र आप्रवासीहरूका लागि ठगीसम्बन्धी मार्गदर्शिका
- New York City Bar Association: अधिवक्ताको सिफारिसका लागि 1-212-626-7373 मा फोन गर्नुहोस्।।

## आप्रवासीहरूको लागि उपलब्ध उपभोक्ता संरक्षणसम्बन्धी सुझावहरू:

# रोजगार एजेन्सीहरू

### थप पढ्नु अघि...

**रोजगार एजेन्सी भनेको के हो?**

रोजगार एजेन्सीले शुल्क लिएर रोजगारदाताहरूलाई कर्मचारीहरू खोज्न र काम खोज्ने व्यक्तिलाई रोजगारी भेट्टाउन सहयोग गर्छ।

**नि:शुल्क मद्दत प्राप्त गर्नुहोस्।**

शहरले जागिर खोज्ने व्यक्तिहरूका लागि नि:शुल्क सहयोग उपलब्ध गराउँछ। nyc.gov/workforce1 वा सबै 311 मा जानुहोस्एक Workforce1 क्यारियर केन्द्र फेला पार्न सोध्नुहोस्।

**तपाई जागिर खोज्न रोजगार एजेन्सीसँग काम गर्दै हुनुहुन्छ भने, यी सुझावहरूले तपाईंलाई मद्दत गर्नेछन्।**

## सामान्य सुझावहरू

- **इजाजतपत्र प्राप्त रोजगार एजेन्सी मात्र प्रयोग गर्नुहोस्।**
  रोजगार एजेन्सीहरूसँग उपभोक्ता तथा श्रमिक संरक्षण विभाग (DCWP) को इजाजतपत्र हुनुपर्दछ।

  इजाजतपत्र र उजुरी इतिहास जाँच गर्न nyc.gov/dcwp मा जानुहोस् वा 311 मा फोन गर्नुहोस्।

### महत्वपूर्ण

- रोजगार एजेन्सीहरूले तालिम कक्षा वा प्रमाणपत्रजस्ता अन्य सेवाका लागि तपाईंबाट शुल्क लिन पाउँदैनन्।
- के तपाईं सुरक्षा तालिम विद्यालयमा हुनुहुन्छ? यो न्युयोर्क राज्य आपराधिक न्याय सेवा विभाग (New York State Division of Criminal Justice Services) मा दर्ता भएको हुनुपर्छ।
- के तपाईं बारटेन्डिङ विद्यालयमा हुनुहुन्छ? न्युयोर्क राज्यको Bureau of Proprietary School Supervision ले बारटेन्डिङ विद्यालयहरूको निगरानी गर्छ।

- **जागिर "ग्यारेन्टी" गर्छु भन्ने रोजगार एजेन्सी प्रयोग नगर्नुहोस्।**
  रोजगार एजेन्सीहरूले तपाईलाइ जागिर दिलाइदिने ग्यारेन्टी गर्न पाउँदैनन्। एजेन्सीहरूले उपलब्ध भएको र कम्तीमा न्यूनतम ज्याला दिने जागिरमा मात्र तपाईलाइ सिफारिस गर्न सक्छन्।

  न्युनतम ज्याला न्यूयोर्क राज्य र संघीय कानूनले निर्धारण गरेको छ । न्यूयोर्क राज्यको न्यूनतम ज्यालाको लागि dol.ny.gov भ्रमण गर्नुहोस्।

- **रोजगार एजेन्सी शुल्कहरू कसरी काम गर्छ भन्ने बुझ्नुहोस्।**
  रोजगार एजेन्सीहरूले तपाईंलाई जागिरमा राख्नुअघि कुनै शुल्क लिन पाउँदैन।

  शुल्क कानूनले तोकेको अधिकतम सीमाभन्दा बढी हुन सक्दैन।

  रोजगारी एजेन्सीका कानुन र नियमहरूका लागि nyc.gov/dcwp मा जानुहोस्, जहाँ शुल्कसम्बन्धी विस्तृत जानकारी पनि उपलब्ध छ।

  यदि एजेन्सीले तपाईंबाट यीमध्ये कुनै शुल्क लिएको छ भने, तपाईंलाई पूरा रकम फिर्ता पाउने अधिकार छ:

  - अग्रिम शुल्क, धरौटी शुल्क, दर्ता शुल्क, आवेदन शुल्क, वा अन्तर्वार्ता शुल्क। वा
  - तपाईंलाई अर्को रोजगार एजेन्सी वा तालिम विद्यालयमा पठाउनका लागि। वा
  - तालिम कक्षा, फोटो, वा बायोडाटा (resume) समीक्षा जस्ता अतिरिक्त सेवाका लागि।

- **सही र स्पष्ट लिखित सम्झौता माग्नुहोस्।** एजेन्सीहरूले तपाईंले हस्ताक्षर गर्नुअघि तपाईंलाई पूर्ण सम्झौता दिनु पर्छ। तपाईंको सम्झौतामा यी कुराहरू हुनुपर्दछ:
  - एजेन्सीको नाम, ठेगाना र DCWP इजाजतपत्र नम्बर
  - कामको प्रकार
  - मूल्य
  - शुल्क भुक्तानी तालिका

  लिखित सम्झौता तपाईंले मौखिक रूपमा गरेको सहमतिसँग मिलेको छ भन्ने सुनिश्चित गर्नुहोस्।

  हस्ताक्षर गर्नुअघि, आफ्ना सबै प्रश्नहरूको जवाफ एजेन्सीबाट लिखित रूपमा लिनुहोस्।

  एजेन्सीले तपाईँलाई सम्झौताको प्रतिलिपि र प्रत्येक भुक्तानीका लागि रसिद दिनुपर्दछ। सबै प्रतिलिपिहरू सुरक्षित स्थानमा राख्नुहोस्।

- **गैरकानूनी प्रश्नको जवाफ नदिनुहोस् ।** जागिरका लागि वास्तविक र आवश्यक योग्यता नभएसम्म, रोजगारदाता वा एजेन्सीले निम्न विषयहरूबारे प्रश्न सोध्नु गैरकानूनी हुन्छ:
  - उमेर
  - जात
  - पन्थ/मत
  - धर्म
  - रङ
  - राष्ट्रिय मूल
  - लिङ्ग
  - अपाङ्गता
  - वैवाहिक स्थिति
  - साझेदारीको स्थिति
  - हेरचाहकर्ताको स्थिति
  - यौन अभिमुखीकरण
  - विदेशी वा नागरिकताको स्थिति

- **DCWP मा उजुरी दर्ता गर्नुहोस्।** nyc.gov/dcwp मार्फत अनलाइन उजुरी दर्ता गर्नुहोस् वा आफ्नो भाषामा उजुरी गर्न **311** मा सम्पर्क गर्नुहोस्। उजुरी गर्नका लागि तपाईंले आफ्नो नाम वा आप्रवासन स्थिति दिनु आवश्यक छैन। ध्यान दिनुहोस्: तपाईं **DCWP** ले तपाईंलाई सम्पर्क गरोस् भन्ने चाहनुहुन्छ भने**,** तपाईंले आफ्नो नाम र ठेगाना दिनुपर्छ।

# होसयिार रहनुहोस्...

## शोषणकारी विद्यालयहरू

NYC मा सयौं नाफामुखी विद्यालयहरू छन्। यहाँ एयर कन्डिसनर मर्मत, सौन्दर्यकला, देखि मेडिकल टेक्निसियन तालिमसम्म विभिन्न पाठ्यक्रमहरू उपलब्ध छन्। तर केही विद्यालयहरूले विद्यार्थीलाई भ्रममा पार्न सक्छन्। उनीहरूले:

- तपाईंलाई धेरै वित्तीय सहायता लिन प्रोत्साहित गर्न सक्छन्।
- स्नातक भएपछि तपाईंलाई जागिरको “ग्यारेन्टी” गर्ने दाबी गर्न सक्छन्।
- तपाईंको डिग्रीको मूल्यबारे गलत जानकारी दिन सक्छन्, जस्तै तपाईंको क्रेडिट अर्को विद्यालयमा सर्छ/सर्दैन भन्ने विषयमा।

*सम्झनुहोस्:*

- वित्तीय सहायता प्रायः फिर्ता तिर्नुपर्ने ऋण हुन्छ। यो छात्रवृत्ति होइन।
- धेरै विद्यालयहरूको राम्रोसँग अनुसन्धान गर्नुहोस्।
- विद्यालय हेर्न गएको दिनमै भर्ना नहुनुहोस्।
- शुल्क रद्द गर्ने नीतिको लिखित प्रति लिनुहोस्।

उच्च शिक्षाको विद्यालयको बिरूद्ध उजुरी दर्ता गर्न **311** मा फोन गर्नुहोस्।

## नि:शुल्क सहायता

- nyc.gov/workforce1 मा जानुहोस् वा 311 मा फोन गरेर Workforce1 Career Center खोज्न सहयोग माग्नुहोस्।
- निःशुल्क तथा कम शुल्कका वयस्क शिक्षा कार्यक्रमहरूबारे जानकारी लिन nyc.gov मा जानुहोस् वा 311 मा फोन गर्नुहोस्।

**महत्वपूर्ण**

- कुनै सुविधा वा सेवाको योग्यता निर्धारण गर्न आवश्यक नभएसम्म सहरका निकायहरूले आप्रवासन अवस्थाबारे सोध्न पाउँदैनन्।
- सिधै सामाजिक सेवा दिने सहरका सरकारी निकायहरूले तपाईंको मातृभाषामा व्याख्या र अनुवाद सेवा उपलब्ध गराउनुपर्छ।

## अन्य स्रोतहरू

- आप्रवासीहरूका लागि उपलब्ध अन्य उपभोक्ता संरक्षणसम्बन्धी सुझावहरू पढ्नुहोस्:
  - आर्थिक व्यवस्थापन
  - अध्यागमन सहायता सेवाहरू
  - कर तयारी
- थप जानकारीका लागि nyc.gov/dcwp मा जानुहोस्, जहाँ यी विषयहरू पनि समावेश छन्:
  - जागिर खोज्नेहरूको अधिकारपत्र (Job Hunter's Bill of Rights)
  - कर्मचारी अधिकार र रोजगारदाताको जिम्मेवारीसम्बन्धी विवरण (घरेलु घरायसी कामदारहरूका लागि)
  - NYC सशुल्क सुरक्षित तथा बिरामी बिदा कानून
  - NYC यात्रु लाभ कानून
- मेयरको आप्रवासी मामिलाको कार्यालय (Mayor's Office of Immigrant Affairs, MOIA): आप्रवासी कामदारहरूको सम्बन्धी जानकारीका लागि nyc.gov/immigrants मा जानुहोस्।
- साना व्यवसाय सेवाहरू (Small Business Services, SBS): रोजगारीसम्बन्धी जानकारी का लागि nyc.gov/sbs मा जानुहोस्।
- मानव अधिकार आयोग: भेदभावसम्बन्धी उजुरी दर्ता गर्न nyc.gov/humanrights मा जानुहोस् वा 311 मा सम्पर्क गर्नुहोस्। *कार्यस्थल र घरमा आप्रवासीहरूका लागि NYC मानव अधिकार* सम्बन्धी जानकारी पढ्नुहोस्।

## आप्रवासीहरूको लागि उपलब्ध उपभोक्ता संरक्षणसम्बन्धी सुझावहरू:

# आर्थिक व्यवस्थापन

### सामान्य सुझावहरू

- बैंक वा क्रेडिट युनियन खाता खोल्नुहोस्।
  - **NYC SafeStart खाता** सुरक्षित र किफायती प्रारम्भिक बचत खाता हो। यसका मुख्य विशेषताहरू यस प्रकार छन्:
    - ओभरड्राफ्ट शुल्क नलाग्ने
    - न्यूनतम मौज्दात/ब्यालेन्स कायम गरेमा मासिक शुल्क नलाग्ने
    - वित्तीय संस्थाअनुसार $25 वा त्योभन्दा कम न्यूनतम मौज्दात आवश्यक पर्ने
    - ATM कार्ड वा डेबिट कार्ड उपलब्ध हुने

    NYC SafeStart खाताको बारेमा थप जानकारीको लागि nyc.gov/dcwp मा जानुहोस् वा 311 मा सम्पर्क गर्नुहोस्।
  - तपाईं IDNYC प्रयोग गरेर IDNYC सँग सहभागी बैंक वा क्रेडिट युनियनमध्ये कुनै एकमा चेकिङ वा बचत खाता खोल्न सक्नुहुन्छ।

    शाखा स्थानबारे जानकारीका लागि nyc.gov/idnyc मा जानुहोस् वा 311 मा सम्पर्क गर्नुहोस्।

  सुरक्षित र किफायती चेकिङ खातामा के-कस्ता कुराहरू हेर्ने भन्ने जानकारीका लागि पृष्ठ 9 हेर्नुहोस्।
- पैसा पठाउने एजेन्टहरू सधैं सबैभन्दा सस्तो विकल्प हुँदैनन्, त्यसैले मूल्य तुलना गर्नुहोस्। घरमा पैसा पठाउने सबैभन्दा राम्रो तरिका पत्ता लगाउन बैंक तथा अन्य वित्तीय संस्था, मनी ट्रान्सफर कम्पनी/एजेन्ट र अनलाइन मनी ट्रान्सफर सेवाहरूबीच शुल्क तुलना गर्नुहोस्। शुल्क र विनिमय दरमात्र होइन, तपाईंको परिवारले पैसा कसरी र कहाँ प्राप्त गर्छ भन्ने कुरा पनि ध्यान दिनुहोस्।
- रेन्ट-टु-ओन (भाडामा लिएर सामान आफ्नै बनाउने) व्यवसायहरूबाट टाढा रहनुहोस्। घरायसी सामानहरू किन्न रेन्ट-टु-ओन (भाडामा लिएर सामान आफ्नै बनाउने) सेवा प्रयोग गर्नु धेरै महँगो पर्न सक्छ। औसत रूपमा, सामान लामो समयसम्म भाडामा लिएर अन्ततः आफ्नो बनाउने ग्राहकहरूले वास्तविक मूल्यको दोब्बरभन्दा बढी रकम तिर्छन्—जुन वार्षिक प्रतिशत दर (annual percentage rate, APR) 100 प्रतिशतभन्दा बढी बराबर हुन सक्छ।[1] यी व्यवसायहरूले मूल्यहरू धेरै कम गर्दैनन्। त्यसैले, सबैभन्दा राम्रो सर्त र मूल्यका लागि विभिन्न ठाउँमा तुलना गरेर मात्र निर्णय गर्नुहोस्।
- प्रिपेड डेबिट कार्ड प्रयोग गर्दा सावधान रहनुहोस्। प्रिपेड डेबिट कार्डले बजेटभित्र खर्च गर्न मद्दत गर्न सक्छ, तर लुकेका शुल्कहरूबारे सचेत रहनुहोस्।
- न्यूयोर्कमा पे-डे लोन (तलबअघिको छोटो अवधिको ऋण) गैरकानुनी छ। पे-डे लोन (तलबअघिको छोटो अवधिको ऋण) भनेको सामान्यतया अर्को तलब आउने दिन तिर्नुपर्ने छोटो अवधिको ऋण हो। यस्तो ऋण लिनेहरूले अत्यधिक शुल्क र उच्च ब्याजदर तिर्नुपर्छ। तपाईंलाई पे-डे लोन (तलबअघिको छोटो अवधिको ऋण) को प्रस्ताव प्राप्त हुन्छ भने, कृपया 1-800-342-3736 मा फोन गरेर वा dfs.ny.gov मा गएर न्युयोर्क राज्य वित्तीय सेवा विभागमा उजुरी गर्नुहोस्।

**महत्वपूर्ण**

तपाईंसँग भाडा तिर्न वा अन्य महत्त्वपूर्ण आवश्यकताका लागि पैसा छैन भने, विचार गर्न सकिने केही विकल्पहरू यहाँ छन्:

- मानव संसाधन प्रशासन (Human Resources Administration, HRA) का आपत्कालीन सहायता कार्यक्रमहरूबारे थप जानकारी लिनुहोस्, जसमा नगद सहायता पनि समावेश छ। थप जान्नका लागि 311 मा फोन गर्नुहोस् वा nyc.gov/hra मा जानुहोस्।
- क्रेडिट युनियन वा बैंकबाट सानो ऋण लिन सकिने सम्भावना बुझ्नुहोस्। सबैभन्दा कम ब्याजदर पाउन विभिन्न ठाउँका सर्तहरू तुलना गर्नुहोस्।
- आफ्नो रोजगारदातासँग तलब अग्रिमको बारेमा सोध्नुहोस्। लिखित नीति पढ्नुहोस्। कुनै शुल्क भए उचित छ कि छैन सुनिश्चित गर्नुहोस्।
- परिवार वा साथीहरूसँग सानो ऋण माग्ने विचार गर्नुहोस्।
- कहिलेकाहीँ तपाईंको क्रेडिट कार्ड प्रदायकबाट नगद सापटी लिन सकिन्छ। यसको ब्याजदर क्रेडिट युनियन वा बैंक ऋणभन्दा बढी हुन सक्छ। त्यसैले सबै खर्चहरू राम्ररी तुलना गर्नुहोस्।

- चेक क्यास गर्ने सेवाबाट टाढा रहनुहोस्। यस्तो सेवा प्रयोग गर्दा वर्षमा औसत रूपमा $475 सम्म शुल्क लाग्न सक्छ। सुरक्षित र किफायती बैंक र क्रेडिट युनियन खाताहरू, चेक क्यास गर्ने सेवाभन्दा धेरै कम खर्चिलो हुन्छन्।
- आफ्नो ऋणलाई नियन्त्रणमा राख्नुहोस्। आफ्नो ऋण नियन्त्रण ऋण छिट्टै बढ्न सक्छ र तपाईंको क्रेडिट रिपोर्ट, अपार्टमेन्ट भाडामा लिन सक्ने क्षमता, घर किन्न सक्ने अवसर, लगायत धेरै कुरामा नकारात्मक असर पार्न सक्छ। सहरले तपाईंलाई ऋणदाता तथा ऋण असुल गर्नेहरूसँग सामना गर्न, भुक्तानीहरू व्यवस्थित गर्न, र भुक्तानी योजना बनाउन मद्दत गर्न सक्छ। नि:शुल्क मद्दत हेर्नुहोस्।

[1] उपभोक्ता र कामदार संरक्षण विभाग (2021, अप्रिल)। *नयाँ किस्ताबन्दी स्वामित्व (Rent-to-Own) प्रणाली: अझ बढी अलमल्याउने, अझै महँगो, र तपाईंनजिकैको NYC स्टोरमा उपलब्ध।* https://www.nyc.gov/assets/dca/downloads/pdf/partners/Lease-To-Own-Report.pdf

## सुरक्षित र किफायती चेकिङ खातामा ध्यान दिनुपर्ने कुराहरू

### शुल्क नहुने वा कम शुल्क हुने

- ❑ मासिक मर्मत वा सेवा शुल्क $3 वा सोभन्दा कम भएको
- ❑ सम्बन्धित बैंकको नेटवर्कमा रहेका एटीएम (ATM) हरू निःशुल्क चलाउन पाइने
- ❑ डेबिट कार्ड प्रयोग गरे बापत कुनै शुल्क नलाग्ने
- ❑ डेबिट कार्डबाट सामान किन्दा वा ATM बाट पैसा झिक्दा ओभरड्राफ्ट (खातामा भएको भन्दा बढी पैसा झिक्ने) विकल्प नभएको (ताकि पछि अतिरिक्त जरिवाना नपरोस्)

### न्यूनतम र लेनदेन

- ❑ सुरुमा खाता खोल्दा राख्नुपर्ने रकम र न्यूनतम मौज्दात ($25 वा त्योभन्दा कम भएको)
- ❑ खाता मौज्दात/ब्यालेन्स निःशुल्क जाँच गर्ने धेरै सुविधा भएको (अनलाइन, फोन, टेक्स्ट सन्देश, ATM)
- ❑ नियमित कारोबार गर्नेहरूका लागि (जस्तै: सिधै बैंकमा तलब आउने वा ATM चलाउनेहरूका लागि) मासिक शुल्क नलाग्ने

# होसियार रहनुहोस्...

### शोषणकारी ऋण

- केही वित्तीय संस्थाहरूले "नागरिकता" वा "अध्यागमन" ऋण उपलब्ध गराउँछन्। यी ऋणहरू सामान्यतया नागरिकता आवेदन र कानूनी शुल्कको खर्च बेहोर्न सहयोग गर्न भनेर दिइन्छ। तपाईं यस्तो ऋण लिने सोचमा हुनुहुन्छ भने, विभिन्न बैंक र क्रेडिट युनियनहरूका सर्त तथा सुविधाहरू तुलना गर्न अवश्य ध्यान दिनुहोस्। नि:शुल्क मद्दत हेर्नुहोस्।
- प्रयोग गरिएको गाडी किन्नका लागि दिइने ऋण शोषणकारी ऋणको सामान्य प्रकार हो। प्राधेरैजसो अवस्थामा यस्ता ऋण ऋणीका लागि फाइदाजनक हुँदैनन्। अन्य ऋणसरह, निर्णय गर्नुअघि राम्रोसँग बुझ्नुहोस् र आफ्नो लागि सबैभन्दा उपयुक्त प्रस्ताव पाउन विभिन्न सर्तहरू तुलना गर्नुहोस्।

### आप्रवासीहरूलाई लक्षित गरी गरिने आर्थिक ठगीहरू

- **ब्लेसिङ (आशिर्वाद) ठगी:** कसैले तपाईंलाई वा तपाईंको परिवारका कसैलाई नराम्रो कुरा हुन सक्छ भनी डर देखाएर तपाईंको सम्पत्तिमा "आशीर्वाद" लिनुपर्छ भन्छ। यहाँ "सम्पत्ति" भन्नाले प्रायः नगद पैसा र गहना बुझिन्छ। आशीर्वाद लिनको लागि तपाईंले आफ्नो सम्पत्ति झोलामा बोकेर ल्याउनुपर्छ भनिन्छ। त्यही "आशिर्वाद" दिने बहानामा तपाईंको सम्पत्ति चोरी गरिन्छ। न्युयोर्कमा यस्तो ठगीले विशेष गरी चिनियाँ समुदायलाई निशाना बनाएको छ।
- **अनौपचारिक बचत तथा ऋण समूह (लेंडिङ सर्कल)** ठगी धेरै आप्रवासी समुदायहरूमा बैंक वा क्रेडिट युनियनबाट पैसा पाउन गाह्रो हुँदा अनौपचारिक अनौपचारिक बचत तथा ऋण समूह प्रयोग गरिन्छ। सहभागीहरूले प्रत्येक महिना पैसा जम्मा गर्छन्। तपाईंको पालो आएपछि तपाईंले भुक्तानी पाउनुहुन्छ। कुनै पनि अनौपचारिक बचत तथा ऋण समूहमा सहभागी हुनुअघि राम्रोसँग बुझेर मात्र निर्णय गर्नुहोस्।
- **भाग्य बताउने (भविष्यवाणी) ठगी:** न्यूयोर्कमा "भाग्य बताउने" वा भविष्यवाणी गर्ने काम गैरकानुनी हो। तपाईंको भविष्य बताउन वा तपाईंमाथि लागेको कुनै 'श्राप' वा 'दशा' हटाइदिने बहानामा कसैले पनि पैसा लिन पाउँदैन।

## नि:शुल्क सहायता

- NYC Financial Empowerment Center मा निःशुल्क व्यावसायिक व्यक्तिगत आर्थिक परामर्श पाउनुहोस्। आफ्नो नजिकै समय मिलाउन 311 मा फोन गर्नुहोस् वा थप जानकारीका लागि nyc.gov/TalkMoney मा जानुहोस्।
- आफ्नो क्रेडिट रिपोर्टको नि:शुल्क प्रतिलिपि लिनुहोस् र ध्यानपूर्वक समीक्षा गर्नुहोस्। annualcreditreport.com मा जानुहोस् वा निःशुल्क 1-877-322-8228 मा फोन गर्नुहोस्।
- NYC ले तपाईंको समुदायमै, तपाईंको आफ्नै भाषामा, सुरक्षित र निःशुल्क आप्रवासन कानूनी जाँच सेवा उपलब्ध गराउँछ। nyc.gov/immigrants मा जानुहोस् वा 1-800-354-0365 मा फोन गर्नुहोस्।
- सहरको Immigrant Business Initiative मार्फत अरबी, बङ्गाली, चिनियाँ, हाइटियन क्रियोल, कोरियन, रुसी र स्पेनी भाषामा निःशुल्क व्यवसायिक पाठ्यक्रमहरू उपलब्ध छन्। nyc.gov/immigrantbusinesses भ्रमण मा जानुहोस् वा 311 मा फोन गरेर आप्रवासीहरूका लागि व्यवसायिक सेवाबारे सोध्नुहोस्।

## अन्य स्रोतहरू

- आप्रवासीहरूका लागि उपलब्ध अन्य उपभोक्ता संरक्षणसम्बन्धी सुझावहरू पढ्नुहोस्:
  - रोजगार एजेन्सीहरू
  - अध्यागमन सहायता सेवाहरू
  - कर तयारी
- ठगीहरूको बारेमा थप जानकारीको लागि nyc.gov/dcwp पनि जानुहोस्।
- मेयरको आप्रवासी मामिलाको कार्यालय (Mayor's Office of Immigrant Affairs, MOIA): आप्रवासीहरूका लागि कानूनी तथा सहर सेवासम्बन्धी जानकारीका लागि nyc.gov/immigrants मा जानुहोस्।
- साना व्यवसाय सेवाहरू (Small Business Services, SBS): व्यवसाय मालिकहरूका लागि उपलब्ध नि:शुल्क सेवाहरूको बारेमा जान्न nyc.gov/immigrantbusinesses मा जानुहोस् वा 311 मा सम्पर्क गर्नुहोस्। NYC Business Solutions Centers र Immigrant Business Initiative, SBS द्वारा सञ्चालन गरिन्छन्।

## आप्रवासीहरूको लागि उपलब्ध उपभोक्ता संरक्षणसम्बन्धी सुझावहरू:

# कर तयारी

### थप पढ्नु अघि...

**नि:शुल्क मद्दत प्राप्त गर्नुहोस्।**

शहरले योग्य न्यू योर्कवासीहरूका लागि NYC नि:शुल्क कर तयारी सेवा उपलब्ध गराउँछ। थप जानकारीका लागि nyc.gov/taxprep मा जानुहोस् वा 311 मा सम्पर्क गर्नुहोस्। नि:शुल्क मद्दत हेर्नुहोस्।

## सामान्य सुझावहरू

**तपाई कर बुझाउन शुल्क लिएर सेवा दिने कर तयारीकर्ताको सहयोग लिइरहनुभएको छ भने, यी सुझावहरूले तपाईंलाई मद्दत गर्नेछन्।**

- **तपाईंको कर तयारीकर्ता दर्ता भएको छ भन्ने सुनिश्चित गर्नुहोस्। न्यूयोर्क राज्यमा प्रत्येक कर तयारीकर्ता न्यूयोर्क राज्य कर र वित्त विभाग (New York State Department of Taxation and Finance) मा दर्ता भएको हुनुपर्छ।** खोज्न मिल्ने डाटाबेसका लागि tax.ny.gov मा जानुहोस्।

  व्यवसायिक समयमा 311 मा फोन गर्नुहोस् र उक्त व्यवसायविरुद्ध कुनै उजुरी परेको छ कि छैन भनेर बुझ्न उपभोक्ता तथा श्रमिक संरक्षण विभाग (DCWP) मा जोडिदिन अनुरोध गर्नुहोस्।

- **आफ्ना अधिकारहरू जान्नुहोस्।** कर तयारीकर्ताले निम्न कुराहरू गर्नुपर्छ:
  - तपाईंसँग कर तयारी सेवाबारे कुनै पनि छलफल सुरु गर्नुअघि कर तयारीकर्ताहरूसम्बन्धी उपभोक्ता अधिकारपत्र *(Consumer Bill of Rights)* को निःशुल्क, हालको र सजिलै पढ्न सकिने प्रति दिनुपर्छ। कर तयारीकर्ताहरूसम्बन्धी उपभोक्ता अधिकारपत्र 12 वटा भाषामा हेर्न nyc.gov/dcwp मा जानुहोस्।
  - आफ्नो योग्यता, शुल्क र सरकारी अडिटका बेला तपाईंको प्रतिनिधित्व गर्ने/नगर्ने कुरा स्पष्ट रूपमा सार्वजनिक गर्नुपर्छ।
  - प्रत्येक कर रिटर्नमा हस्ताक्षर गर्नुपर्छ।
  - तपाईंलाई आफ्नो कर रिटर्नको एक प्रति तथा सेवासम्बन्धी विस्तृत रसिद वा विवरण दिनुपर्छ।

  खाली, अधूरो वा पेन्सिलले भरिएको कर रिटर्नमा कहिल्यै हस्ताक्षर नगर्नुहोस्। यसलाई पछि परिवर्तन गर्न सकिन्छ।

- पहिले अनुमानित शुल्क सोध्नुहोस् र आफ्नो विस्तृत रसिद वा विवरणलाई सार्वजनिक रूपमा राखिएका शुल्कदरहरूसँग तुलना गर्नुहोस्। कर तयारी गराउनुअघि अनुमानित खर्च माग्ने अधिकार तपाईंलाई छ। कर तयारीकर्ताहरूले तपाईंले तिर्नुपर्ने कर रकम वा तपाईंले पाउने अनुमानित रिफन्डको आधारमा शुल्क लिन पाउँदैन।

- रिफन्डको आशा देखाएर दिइने सेवाहरूबाट टाढै रहनुहोस्। रिफन्ड एन्टिसिपेसन चेक (Refund Anticipation Check, RAC) वा रिफन्ड ट्रान्सफर (Refund Transfer) भनेका कर तयारी शुल्क पछि तिर्न प्रयोग गरिने महँगा विकल्पहरू हुन्। रिफन्ड एन्टिसिपेसन लोन (Refund Anticipation Loan, RAL) भनेको उच्च ब्याजदर भएको ऋण हो। यी सेवाहरूले तपाईंको कर फिर्ता रकम छिटो गराउँदैनन्।

### महत्वपूर्ण

- RAL वा RAC जस्ता सुविधाहरू लिँदा तपाईंको पैसा खर्च हुन्छ र तपाईंले करबाट फिर्ता पाउने कुल रकम पनि घट्छ।
- ऋणदाताले तपाईंबाट शुल्क र ब्याज लिन सक्छ। ऋण प्रस्ताव गर्ने कर तयारीकर्ताले तपाईंको RAL आवेदन तयार पारिदिएबापत अतिरिक्त शुल्क वा पैसा थप्न पाउँदैन।
- RAL वास्तवमा ऋण हो भन्ने तथ्य लुकाउने गरी "तुरुन्त रिफन्ड (instant refund)," "छिटो रिफन्ड (rapid refund)," "एक्सप्रेस रिफन्ड (express refund)," "पहिले पैसा पाइने दाबी गरिने सेवा (preFund)," "छिटो नगद (fast cash)" वा यस्तै अन्य नाम प्रयोग गरेर दाबी गर्नु कर तयारीकर्ताका लागि गैरकानुनी हो।
- तपाईंको कर तयारीकर्ताले तपाईंलाई RAL लिनै पर्छ भनेर जबर्जस्ती गर्न पाउँदैन।

रिफन्ड रकम छिटो पाउन इलेक्ट्रोनिक फाइलिङ, सिधै बैंक खातामा जम्मा हुने, तथा अन्य विकल्पहरूबारे सोध्नुहोस्। तपाई सिधै बैंक खातामा जम्मा हुने प्रयोग गर्नुहुन्छ भने, तपाईंले आफ्नो संघीय कर फिर्ता रकम 8 देखि 14 कार्यदिनभित्र प्राप्त गर्न सक्नुहुन्छ।

- **प्रिपेड र गिफ्ट कार्डसम्बन्धी साना अक्षरमा लेखिएका सबै सर्तहरू ध्यानपूर्वक पढ्नुहोस्। केही तयारीकर्ताहरूले तपाईंको कर फिर्ता रकमको केही वा सबै हिस्सा प्रिपेड वा गिफ्ट कार्डमा राख्ने प्रस्ताव गर्न सक्छन्।** यो विकल्पका लागि तयारीकर्ताले कति शुल्क लिन्छ भन्ने अवश्य जाँच गर्नुहोस्। साथै, कार्ड प्रयोग गर्दा, प्रयोग नगर्दा वा पुन: रकम थप्दा लाग्ने शुल्क, कार्डको म्याद सकिने मिति छ कि छैन र कार्ड हराएमा के हुन्छ भन्ने कुरा पनि राम्रोसँग बुझ्नुहोस्।
- **DCWP मा उजुरी दर्ता गर्नुहोस्।** nyc.gov/dcwp मार्फत अनलाइन उजुरी दर्ता गर्नुहोस् वा आफ्नो भाषामा उजुरी गर्न 311 मा सम्पर्क गर्नुहोस्। उजुरी गर्नका लागि तपाईंले आफ्नो नाम वा आप्रवासन स्थिति दिनु आवश्यक छैन। ध्यान दिनुहोस्: तपाई DCWP ले तपाईंलाई सम्पर्क गरोस् भन्ने चाहनुहुन्छ भने, तपाईंले आफ्नो नाम र ठेगाना दिनुपर्छ।

# होसियार रहनुहोस्...

## ठगी गर्ने व्यवसायहरू

जसले तपाईंको कर तयार पारे पनि, तपाईंले फिर्ता पाउने रकम एउटै हुनुपर्छ। तपाईंलाई अझ ठूलो रकम फिर्ता दिलाइदिन्छु भनेर दाबी गर्ने तयारीकर्ताहरूबाट सावधान रहनुहोस्।

## आन्तरिक राजस्व सेवा (INTERNAL REVENUE SERVICE, IRS) सम्बन्धी ठगी

तपाईंलाई IRS बाट फोन आउँछ, जहाँ कि त तपाईंले कर तिर्न बाँकी छ भनेर धम्काइन्छ, कि त तपाईंले ठूलो रकम फिर्ता पाउँदै हुनुहुन्छ भनेर लोभ देखाइन्छ। असलियत: तपाईंलाई जानकारी पुष्टि गर्न, थप जानकारी दिन, वा भुक्तानी गर्नुपर्छ भनिन्छ।

*IRS ले कहिल्यै पनि:*

- *तपाईंको व्यक्तिगत वा आर्थिक जानकारीका लागि फोन वा इमेल गर्दैन।*
- *गिफ्ट कार्डमार्फत भुक्तानी गर्न लगाउँदैन।*

## नि:शुल्क सहायता

- तपाई NYC नि:शुल्क कर तयारी सेवाहरूका लागि योग्य हुन सक्नुहुन्छ, जसमा अनलाइन कर फाराम बुझाउने सेवा तथा IRS प्रमाणित VITA/TCE स्वयंसेवक तयारीकर्तासँग प्रत्यक्ष रूपमा कर फाराम बुझाउने सेवा समावेश छन्। आय योग्यतासहित कर बुझाउन आवश्यक कागजातहरूको सूची र सेवा केन्द्रसम्बन्धी थप जानकारीका लागि nyc.gov/taxprep मा जानुहोस् वा 311 मा फोन गरेर कर तयारी सहयोग माग्नुहोस्।

### महत्वपूर्ण

- तपाईंले कर भर्नका लागि आफ्नो पहिचान खुल्ने प्रमाणको रूपमा IDNYC कार्ड प्रयोग गर्न सक्नुहुन्छ।
- केहि NYC नि:शुल्क कर तयारी केन्द्रहरूले तपाईंलाई व्यक्तिगत करदाता पहिचान नम्बर (Individual Taxpayer Identification Number, ITIN) का लागि आवेदन गर्न मद्दत गर्न सक्छन्। साइट विवरणहरू हेर्नुहोस्।
  - ITIN भनेको IRS द्वारा जारी गरिएको कर प्रक्रिया सम्बन्धी पहिचान नम्बर हो। संघीय करसम्बन्धी रिपोर्ट वा फाराम बुझाउनुपर्ने तर सामाजिक सुरक्षा नम्बरका लागि योग्य नभएका विदेशी नागरिक तथा अन्य व्यक्तिहरूलाई IRS ले ITINs प्रदान गर्छ।
- तपाई आफ्नै लागि काम गर्नुहुन्छ भने, तपाईंले हरेक वर्ष कर फाराम बुझाउनुपर्छ र प्रत्येक तीन महिनामा अनुमानित कर भुक्तानी गर्नुपर्छ। स्वरोजगार व्यक्तिहरूका लागि विशेष रूपमा बनाइएका NYC निःशुल्क कर तयारी केन्द्रहरूले तपाईंको व्यवसाय बढाउन मद्दत गर्ने निःशुल्क स्रोतहरू उपलब्ध गराउँछन्, जसमा:
  - **प्रत्यक्ष विशेष कर तयारी सेवा:** संघीय र न्यूयोर्क राज्यका त्रैमासिक अनुमानित कर फाराम पूरा गर्न सहयोग पाउनुहोस्।
  - **कार्यशालाहरू:** कर फाराम बुझाउने आधारभूत कुरा र राम्रो अभिलेख राख्ने तरिकाबारे सिक्नुहोस्।
  - **व्यक्तिगत परामर्श:** तपाईंको व्यवसायअनुसार व्यक्तिगत सहयोग र उपयोगी साधनहरू पाउनुहोस्।
  - **टूलकिट तथा अन्य स्रोतहरू:** अभिलेख राख्ने नमुना फारामहरू र उपयोगी सुझावहरू पाउनुहोस्। साथै, सम्पत्ति निर्माण गर्न र आफ्नो व्यवसाय बढाउन सहयोग गर्ने निःशुल्क सहर सेवाहरू र स्रोतहरूसँग जोडिनुहोस्।

- कर फिर्ता रकमको अधिकतम लाभ उठाउनको लागि NYC Financial Empowerment Center मा निःशुल्क व्यावसायिक व्यक्तिगत आर्थिक परामर्श पाउनुहोस्। आफ्नो नजिकै समय मिलाउन 311 मा फोन गर्नुहोस् वा थप जानकारीका लागि nyc.gov/TalkMoney मा जानुहोस्।

## अन्य स्रोतहरू

- आप्रवासीहरूका लागि उपलब्ध अन्य उपभोक्ता संरक्षणसम्बन्धी सुझावहरू पढ्नुहोस्:
  - रोजगार एजेन्सीहरू
  - आर्थिक व्यवस्थापन
  - अध्यागमन सहायता सेवाहरू
- मेयरको आप्रवासी मामिलाको कार्यालय (Mayor’s Office of Immigrant Affairs, MOIA): आप्रवासीहरूका लागि कानूनी तथा सहर सेवासम्बन्धी जानकारीका लागि nyc.gov/immigrants मा जानुहोस्।

## ध्यान दिनुहोस्

"न्युयोर्कबासीहरूको दैनिक आर्थिक जीवनलाई सुरक्षित र अझ मजबुत बनाउँदै समृद्ध समुदायहरूको निर्माण गर्ने।"